# सामुदायिक विद्यालयका उत्कृष्ट शिक्षक, बाल शिक्षक र कर्मचारी पुरस्कृत गर्ने सम्बन्धी मापदण्ड, २०८१

**प्रस्तावनाः** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरी शिक्षकहरुमा आफ्नो पेशा प्रति इमान्दार, लगनशील र उत्प्रेरित भई विद्यालयको सर्वाङ्गीण विकास गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गौरादह नगर कार्यपालिकाले यो मापदण्ड बनाइ लागु गरेको छ।

## परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो मापदण्डको नाम "सामुदायिक विद्यालयका उत्कृष्ट शिक्षक, बाल शिक्षक र कर्मचारी पुरस्कृत गर्ने सम्बन्धी मापदण्ड, २०८१" रहेको छ ।

(२) यो कार्यविधि गौरादह नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि गौरादह नगरपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरूको हकमा लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(१) "मापदण्ड" भन्नाले गौरादह नगरपालिकाको "सामुदायिक विद्यालयका उत्कृष्ट शिक्षक, बाल शिक्षक र कर्मचारी पुरस्कृत गर्ने सम्बन्धी मापदण्ड, २०८१" लाई सम्झनु पर्दछ ।

(२) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्छ ।

(३) "नगरपालिका" भन्नाले गौरादह नगरपालिकालाई सम्झनु पर्दछ ।

(४) "प्रमुख" भन्नाले गौरादह नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(५) "प्रशासकीय प्रमुख" भन्नाले गौरादह नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(६) "नगर शिक्षा समिति" भन्नाले गौरादह नगरपालिकाको माध्यमिक तहसम्मको शिक्षा ऐन(पहिलो संशोधन सहित), २०७९ को परिच्छेद ४ को दफा २४ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(७) "शाखा प्रमुख" भन्नाले गौरादह नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्दछ।

(८) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकसमेतलाई सम्झनु पर्दछ।

(९) "बाल शिक्षक" भन्नाले गौरादह नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयमा सञ्चालित बाल बिकास सहयोगी शिक्षकलाई सम्झनु पर्दछ।

(१०) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनु पर्दछ।

(११) "पुरस्कार तथा सम्मान" भन्नाले नगर भित्रका सामुदायिक विद्यालयमा कार्यरत उत्कृष्ट कार्यसम्पादन तथा नतिजा प्राप्त गरे वापत कुनै शिक्षक, बाल बिकास शिक्षकलाई प्रदान गरिने नगद, जिन्सी वा सम्मानपत्रलाई सम्झनुपर्दछ।

(१२) "कार्यालय" भन्नाले गौरादह नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ। सो शब्दले नगर शिक्षा, युवा तथा खेलकुद शाखालाई समेत जनाउँनेछ।

## परिच्छेद -२

## अवधारणा तथा उद्देश्य

३. **मापदण्डको अवधारणाः** गौरादह नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक, बाल शिक्षक र कर्मचारीहरुले शैक्षिक वातावरण सुधार गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउन उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक, बाल शिक्षक र कर्मचारीलाई निष्पक्ष, पारदर्शी र विश्वसनीय रुपमा सम्मान तथा पुरस्कृत गरी शिक्षक, बाल शिक्षक र कर्मचारीलाई प्रोत्साहन गर्नु यस मापदण्डको अवधारणा रहेको छ।

४. **मापदण्डको उद्देश्यः** यस मापदण्डका उद्देश्यहरु देहाय बमोजिम हुनेछः

(क) सम्मान तथा पुरस्कारलाई व्यवस्थित गर्ने।

(ख) सम्मान तथा पुरस्कारलाई पारदर्शी र विश्वसनीय बनाउने।

(ग) शिक्षक, बाल शिक्षक, कर्मचारीको मूल्याङ्कनको आधार तय गर्ने।

(घ) सम्मान तथा पुरस्कार छनौट तथा प्रदान गर्ने विधिको निर्धारण गर्ने।

## परिच्छेद -३

## छनौट प्रकृया

५. **पुरस्कार तथा सम्मान पाउने शिक्षक, बाल शिक्षक र कर्मचारी छनौटको प्रकृयाः**

(१) पुरस्कार तथा सम्मान पाउने शिक्षक, बाल शिक्षक र कर्मचारीहरुको छनौट गर्न नगर शिक्षा समितिले तपसिल बमोजिमको एक उप समिति गठन गर्नेछ।

**तपसिलः**

| | |
|---|---|
| संयोजक- सामाजिक विकास समिति संयोजक | -१ |
| सदस्य- शिक्षा शाखा प्रमुख | -१ |
| सदस्य- माध्यमिक तहका प्र.अ. मध्येबाट शिक्षा समितिमा प्रतिनिधित्व गर्ने शिक्षक | -१ |

(२) कार्यालयले पुरस्कार तथा सम्मान पाउन इच्छुक शिक्षक, बाल शिक्षक र कर्मचारीहरुको लागि म्याद तोकी सूचना प्रकाशन गर्नेछ।

(३) उल्लेखित सूचना बमोजिम पुरस्कार तथा सम्मान पाउन इच्छुक शिक्षक, बाल शिक्षक र कर्मचारीहरुले मूल्याङ्कनका आधार र मापदण्डसँग सम्बन्धित विवरण सहित कार्यरत विद्यालयमा तोकिएको म्याद भित्र निवेदन पेस गर्नुपर्नेछ।

(४) सूचनाको म्याद समाप्त भएको मितिबाट ३ दिन भित्र प्राप्त निवेदनहरु मध्येबाट मूल्याङ्कनका आधार र मापदण्ड भित्र रही विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय सहित विद्यालयले तपसिल बमोजिमको शिक्षक, बाल शिक्षक र कर्मचारी छनौट गरी कार्यालयमा विवरण पेस गर्नु पर्नेछ।

क. उत्कृष्ट शिक्षक आधारभूत तह(१-५) को २ जना,

ख. उत्कृष्ट शिक्षक आधारभूत तह(६-८) को १ जना,

ग. उत्कृष्ट शिक्षक माध्यमिक तह(९-१२) को १ जना,

घ. उत्कृष्ट बाल शिक्षक १ जना

ङ. उत्कृष्ट कर्मचारी १ जना

(५) विद्यालयले विवरण पेस गर्दा छनौट भएका शिक्षक, बाल शिक्षक र कर्मचारीहरुको तोकिएको थप विवरण समेत प्रमाणित गरी पेस गर्नु पर्नेछ।

(६) उप समितिले तोकिएको मूल्याङ्कनको छनौटका आधार र मापदण्डको परिधी भित्र रही विद्यालयहरुबाट प्राप्त कार्यरत उत्कृष्ट शिक्षक, बाल शिक्षक र कर्मचारीहरु मध्येबाट तपसिलको संख्यामा छनौट गरी विवरण नगर शिक्षा समिति समक्ष पेस गर्नेछ।

**तपसिलः**

क. उत्कृष्ट शिक्षक आधारभूत तह(१-५) को २ जना,

ख. उत्कृष्ट शिक्षक आधारभूत तह(६-८) को १ जना,

ग. उत्कृष्ट शिक्षक माध्यमिक तह(९-१२) को १ जना,

घ. उत्कृष्ट बाल शिक्षक १ जना

ङ. उत्कृष्ट कर्मचारी १ जना

(७) नगर शिक्षा समितिले प्राप्त विवरण बमोजिम उत्कृष्ट शिक्षक, बाल शिक्षक र कर्मचारी पुरस्कृत गर्न नगर कार्यपालिका समक्ष सिफारिस गर्नेछ।

(८) छनौट भएका उत्कृष्ट शिक्षक, बाल शिक्षक र कर्मचारीलाई प्रदान गरिने प्रमाणपत्र, पुरस्कार र रकम नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद -४

## मूल्याङ्कनको आधार

६. **पुरस्कार तथा सम्मान पाउने शिक्षक, बाल शिक्षक र कर्मचारीको छनौटका आधारः** (१) पुरस्कार तथा सम्मानको लागि शिक्षकको छनौट गर्दा अनुसूची-१ बमोजिमको शिक्षक मूल्याङ्कनको आधार र मापदण्ड बमोजिम हुनेछ।

(२) पुरस्कार तथा सम्मानको लागि बाल शिक्षकको छनौट गर्दा अनुसूची-२ बमोजिमको मूल्याङ्कनको आधार र मापदण्ड बमोजिम हुनेछ।

(३) पुरस्कार तथा सम्मानको लागि कर्मचारीको छनौट गर्दा अनुसूची-३ बमोजिमको मूल्याङ्कनको आधार र मापदण्ड बमोजिम हुनेछ।

(४) शिक्षकको अनुसूची -४ बमोजिमको तोकिएका विवरण सहितको मूल्याङ्कन फारम विद्यालयले प्रमाणित गरी कार्यालयमा बुझाउनुपर्नेछ।

(५) बाल शिक्षकको अनुसूची-५ बमोजिमको तोकिएका विवरण सहितको मूल्याङ्कन फारम विद्यालयले प्रमाणित गरी कार्यालयमा बुझाउनुपर्नेछ।

(६) कर्मचारीको अनुसूची- ६ बमोजिमको तोकिएका विवरण सहितको मूल्याङ्कन फारम विद्यालयले प्रमाणित गरी कार्यालयमा बुझाउनुपर्नेछ।

(७) उत्कृष्ट शिक्षक, बाल शिक्षकको शिक्षा शाखा र मूल्याङ्कन समितिबाट हुने मूल्याङ्कन अनुसूची-७ बमोजिम हुनेछ।

(८) कर्मचारीको शिक्षा शाखा र मूल्याङ्कन समितिबाट हुने मूल्याङ्कन अनुसूची-८ बमोजिम हुनेछ।

(९) शिक्षकको समष्टिगत मूल्याङ्न अनुसूची-९ बमोजिम हुनेछ।

(१०) बाल शिक्षकको समष्टिगत मूल्याङ्न अनुसूची-१० बमोजिम हुनेछ।

(११) कर्मचारीको समष्टिगत मूल्याङ्न अनुसूची-११ बमोजिम हुनेछ।

## परिच्छेद -५
## संशोधन, बचाउ र खारेजी

**७. संशोधन, बचाउ र खारेजीः**

(१) यो मापदण्ड संशोधन वा खारेज गर्न आवश्यक देखिएमा नगर कार्यपालिकाले आवश्यक संशोधन वा खारेज गर्न सक्नेछ ।

(२) यो मापदण्डमा उल्लेख गरिएका कुराहरुको हकमा यस मापदण्ड अनुसार र उल्लेख नभएका हकमा प्रचलित ऐन, नियम अनुसार हुनेछ।

(३) यो मापदण्डमा उल्लेख गरिएका कुराहरु प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछ।

## अनुसूची-१

## दफा ६ को उपदफा (१) सँग सम्बन्धित

## उत्कृष्ट शिक्षक मूल्याङ्कनको छनौटका आधार र मापदण्ड

| क्र.सं. | आधार | अङ्कभार | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | १० | क) माथिल्लो शैक्षिक योग्यतामा<br>अ) प्रथम श्रेणी वा सो भन्दा वढी भए ३ अंक<br>आ) द्वितीय श्रेणी भए २ अंक<br>ख) न्यूनतम शैक्षिक योग्यतामा<br>अ) प्रथम श्रेणी वा सो भन्दा वढी भए ७ अंक<br>आ) द्वितीय श्रेणी भए ६ अंक<br>इ) तृतीय श्रेणी भए ४ अंक | |
| २ | शैक्षिक उपलब्धी | १५ | आफुले अध्यापन गरेको विषयको पछिल्लो ३ वर्षको विद्यार्थीले प्राप्त गरेको औषत सिकाइ उपलब्धी र नगरपालिका भरिको सम्बन्धित विषयको सोहि अवधिको औषत सिकाइ उपलब्धीको आधारमा<br>क) १००% वा सो भन्दा बढी भए १५ अङ्क<br>ख) ९०% देखि ९९% सम्म भए १२ अङ्क<br>ग) ८०% देखि ८९% सम्म भए ९ अङ्क<br>घ) ७०% देखि ७९% सम्म भए ६ अङ्क<br>ङ) ६०% देखि ६९% सम्म भए ३ अङ्क<br>च) ६०% भन्दा कम भए २ अङ्क | विद्यालयले भरेर प्रमाण संलग्न गरी प्र.अ.ले प्रमाणित गरी पठाउने |
| ३ | उपस्थिति र नियमितता | १० | क) विद्यालयमा<br>अ) ९५% वा सो भन्दा माथि उपस्थिति भए ५ अंक<br>आ) ९०% भन्दा माथि उपस्थिति भए ३ अंक<br>ख) नियमितता<br>अ) विद्यालयमा उपस्थित हुने र छोड्ने समयको पालना गरेको भए ३ अंक<br>आ) विद्यालय कक्षाकोठामा समयै प्रवेश गर्ने गरेको भए २ अंक | प्र.अ. र वि.व्य.स. अध्यक्षबाट प्रमाणित प्रमाण पेस गर्ने |

| | | | | |
|---|---|---|---|---|
| ४ | विशेष जिम्मेवारी | ५ | ➢ प्र.अ., सहायक प्र.अ., तह गत इन्चार्ज, विभिन्न विभागका संयोजक भए ५ अंक<br>➢ विभिन्न विभागका सदस्य भए ३ अंक | शिक्षकको हकमा प्र.अ. बाट र प्र.अ.को हकमा वि.व्य.स अध्यक्षले प्रमाणित गर्ने |
| ५ | अनुशासन, क्रियाशिलता र पारदर्शिता | ५ | ➢ विद्यालयले गर्ने विभिन्न कार्यक्रममा शिक्षकको सकृय सहभागिताको आधारमा अधिकतम् ५ अंक | शिक्षकको हकमा प्र.अ. को मूल्याङ्कन र प्र.अ.को हकमा कार्यालयको मूल्याङ्कन |
| ६ | अभिभावकहरुसँग छलफल, अन्तर्क्रिया | १५ | विषयगत रुपमा विद्यार्थीहरुको मूल्याङ्कनका बारेमा अभिभावकहरुसँगको छलफल, अन्तर्क्रिया वर्षमा<br>➢ ३ पटक वा सो भन्दा माथि भए १५ अंक<br>➢ २ पटक भए १० अंक<br>➢ १ पटक भए ५ अंक | शिक्षकको हकमा सम्बन्धित विद्यालयको प्र.अ. र वि.व्य.स. अध्यक्ष र प्र.अ. को हकमा वि.व्य.स. अध्यक्ष |
| ७ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | १० | सूचना तथा सञ्चार प्रविधिको<br>➢ कुशलता पूर्वक कक्षाकोठामा/शिक्षण सिकाइमा प्रयोग गर्ने गरेको भए अधिकतम् १० अंक<br>➢ सामान्य रुपमा कक्षाकोठामा प्रयोग गर्ने गरेको भए ७ अंक | प्र.अ. र शिक्षा शाखा प्रमुख |
| ८ | कक्षा शिक्षण सिकाई क्रियाकलाप | १० | नियमित गृहकार्य परीक्षण, पोर्टफोलियो व्यवस्थापन, नियमित कक्षाकार्य परीक्षण, परियोजना कार्य, दैनिक पाठ योजना, शैक्षिक सामग्रीको प्रयोग, मासिक परीक्षा, एकाइ परीक्षा, आन्तरिक मूल्याङ्कन, कक्षा कोठा व्यवस्थापन जस्ता सूचकहरु<br>➢ प्रति सूचक १ अंकका दरले अधिकतम् १० अंङ्क | |
| ९ | शिक्षा शाखा र मूल्याङ्कन समितिको मूल्याङ्कन | २० | अनुशासन, सृजनशीलता, जिम्मेवारी वहन गर्ने क्षमता, आचरण-व्यवहार, कृयाशीलता, विद्यार्थी र समुदायसँगको व्यवहार, शिक्षण सिकाइमा आइ.सि.टीको प्रयोग, शिक्षण कौशलता, कार्यालयबाट माग गरिए बमोजिमका जिम्मेवारी/विवरण समयमै पेस गर्ने गरे/नगरेको, आन्तरिक मूल्याङ्कन अभिलेखिकरण व्यवस्थापनका आधारमा प्रति क्षेत्र २ अंकका दरले मूल्याङ्कन गर्ने | |
| | **जम्मा** | १०० | | |

## अनुसूची-२

## दफा ६ को उपदफा (२) सँग सम्बन्धित

## उत्कृष्ट बाल शिक्षक मूल्याङ्कनको छनौटका आधार र मापदण्ड

| क्र.सं. | आधार | अङ्कभार | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | १० | क) माथिल्लो शैक्षिक योग्यतामा<br>अ) प्रथम श्रेणी वा सो भन्दा वढी भए ३ अंक<br>आ) द्वितीय श्रेणी भए २ अंक<br>ख) न्यूनतम शैक्षिक योग्यतामा<br>अ) प्रथम श्रेणी वा सो भन्दा वढी भए ७ अंक<br>आ) द्वितीय श्रेणी भए ६ अंक<br>इ) तृतीय श्रेणी भए ४ अंक | |
| २ | शैक्षिक सामग्रीको प्रयोग र बालमैत्री कक्षा व्यवस्थापन(बाल बिकास शिक्षकको लागि मात्र) | १० | ➢ बालमैत्री कक्षाकोठा व्यवस्थापन गरेको भए अधिकतम् ५ अंक<br>➢ शैक्षिक सामग्री प्रयोग गरी शिक्षण सिकाई कार्य गरेको भए अधिकतम् ५ अंक | विद्यालयले भरेर प्रमाण संलग्न गरी प्र.अ.ले प्रमाणित गरी पठाउने |
| ३ | उपस्थिति र नियमितता | १० | क) विद्यालयमा<br>अ) ९५% वा सो भन्दा माथि उपस्थिति भए ५ अंक<br>आ) ९०% भन्दा माथि उपस्थिति भए ३ अंक<br>ख) नियमितता<br>अ) विद्यालयमा उपस्थित हुने र छोड्ने समयको पालना गरेको भए ३ अंक<br>आ) विद्यालय कक्षाकोठामा समयै प्रवेश गर्ने गरेको भए २ अंक | प्र.अ. र वि.व्य.स. अध्यक्षबाट प्रमाणित प्रमाण पेस गर्ने |
| ४ | मनोरञ्जनात्मक कार्य | ५ | नृत्य, गायन, बाद्यबादन, चित्रकला मध्ये<br>➢ कुनै ३ मनोरञ्जनात्मक कार्य गरेको भए ५ अंक<br>➢ कुनै २ मनोरञ्जनात्मक कार्य गरेको भए ३ अंक | |

| | | | | |
|---|---|---|---|---|
| ५ | अनुशासन, क्रियाशिलता र पारदर्शिता | ५ | ➢ विद्यालयलले गर्ने विभिन्न कार्यक्रममा बाल शिक्षकको सकृय सहभागिता रहेको भए अधिकतम् ५ अंक | बाल शिक्षकको हकमा प्र.अ. को मूल्याङ्कन |
| ६ | अभिभावकहरुसँग छलफल, अन्तर्क्रिया | १५ | विद्यार्थीहरुको मूल्याङ्कनका बारेमा अभिभावकहरुसँगको छलफल, अन्तर्क्रिया वर्षमा<br>➢ ३ पटक वा सो भन्दा माथि भए १५ अंक<br>➢ २ पटक भए १० अंक<br>➢ १ पटक भए ५ अंक | प्र.अ. को मूल्याङ्कन |
| ७ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | १० | सूचना तथा सञ्चार प्रविधिको<br>➢ कुशलता पूर्वक कक्षाकोठामा/शिक्षण सिकाइमा प्रयोग गर्ने गरेको भए अधिकतम् १० अंक<br>➢ सामान्य रुपमा कक्षाकोठामा प्रयोग गर्ने गरेको भए ७ अंक | बाल शिक्षकको हकमा प्र.अ. को मूल्याङ्कन |
| ८ | कक्षाकोठा व्यवस्थापन | १० | नियमित गृहकार्य परीक्षण, नियमित कक्षाकार्य परीक्षण, मासिक र एकाइ परीक्षा, पाठ्यक्रमले तोके बमोजिमका शिक्षण सिकाइ सामाग्रीको निर्माण र प्रयोग, सिकाइ कलाको प्रभावकारी व्यवस्थापन जस्ता सूचकहरु<br>➢ प्रति सूचक २ अंकका दरले अधिकतम् १० अंक | |
| ९ | प्रधानाध्यापकको मूल्याङ्कन | ५ | अनुशासन, सृजनशीलता, जिम्मेवारी वहन गर्ने क्षमता, आचरण-व्यवहार, कृयाशीलता, विद्यार्थी र समुदायसँगको व्यवहार, शिक्षण सिकाइमा आइ.सि.टीको प्रयोग, शिक्षण कौशलता, कार्यालयबाट माग गरिए बमोजिमका जिम्मेवारी/विवरण समयमै पेस गर्ने गरे/नगरेको, आन्तरिक मूल्याङ्कन अभिलेखिकरण व्यवस्थापनका आधारमा प्रति क्षेत्र २ अंकका दरले मूल्याङ्कन गर्ने | |
| १० | शिक्षा शाखा र मूल्याङ्कन समितिको मूल्याङ्कन | २० | | |
| **जम्मा** | | १०० | | |

## अनुसूची-३

### दफा ६ को उपदफा (३) सँग सम्बन्धित

### उत्कृष्ट विद्यालय कर्मचारी/सहयोगी कर्मचारी मूल्याङ्कनको छनौटका आधार र मापदण्ड

| क्र.सं. | आधार | अङ्कभार | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १ | उपस्थिति र नियमितता | १० | क) विद्यालयमा<br>अ) ९५% वा सो भन्दा माथि उपस्थिति भए ५ अंक<br>आ) ९०% भन्दा माथि उपस्थिति भए ३ अंक<br>ख) नियमितता<br>अ) विद्यालयमा उपस्थित हुने र छोड्ने समयको पालना गरेको भए ३ अंक<br>आ) विद्यालय कक्षाकोठामा समयै प्रवेश गर्ने गरेको भए २ अंक | प्र.अ. र वि.व्य.स. अध्यक्षबाट प्रमाणित प्रमाण पेस गर्ने |
| २ | प्राथमिक उपचार सीप | ५ | ➢ प्राथमिक उपचार कुशलतापूर्वक गर्न सक्ने भए ५ अंक<br>➢ प्राथमिक उपचार सामान्य रुपमा गर्न सक्ने भए ३ अंक | |
| ३ | दर्ता चलानी/फायल व्यवस्थापन | ५ | अ) दैनिक कार्यालयको खातापाता व्यवस्थित रुपमा राखि आवश्यक परेको समयमा तुरुन्तै भेटाउने गरी व्यवस्थापन गरेको भए ५ अंक<br>आ) सामान्य रुपमा व्यवस्थापन गरेको भए ३ अंक | |
| ४ | इमिस सञ्चालन | १० | ➢ विद्यालयको इ.मि.स. कुशलतापूर्वक सञ्चालन गर्न सक्ने भए १० अंक<br>➢ विद्यालयको इ.मि.स. सामान्य रुपमा सञ्चालन गर्न सक्ने भए ६ अंक | विद्यालय लेखा कर्मचारीको हकमा |

| | | | | |
|---|---|---|---|---|
| | विद्यालय सरसफाई | | ➢ विद्यालयहाता, कक्षाकोठा र शिक्षक कक्ष, प्र.अ. कक्ष नियमित रुपमा सरसफाई गर्ने गरेको भए १० अंक<br>➢ शिक्षक कक्ष र प्र.अ. कक्ष मात्र सरसफाई गरे ६ अंक | विद्यालय सहयोगी कर्मचारीको हकमा |
| ५ | अनुशासन, क्रियाशिलता र पारदर्शिता | १० | ➢ विद्यालयले गर्ने विभिन्न कार्यक्रममा कर्मचारीको सकृय सहभागिता रहेको भए अधिकतम् १० अंक | कर्मचारीको हकमा प्र.अ. को मूल्याङ्कन |
| ६ | शिक्षा शाखा र मूल्याङ्कन समितिको मूल्याङ्कन | १० | अनुशासन, सृजनशीलता, जिम्मेवारी वह गर्ने क्षमता, व्यवहार, आचरण, कृयाशीलता, विद्यार्थी र समुदायसँगको व्यवहारका आधारमा मूल्याङ्कन गर्ने | |
| **जम्मा** | | **५०** | | |

अनुसूची-४

दफा ६ को उपदफा (४) सँग सम्बन्धित

उत्कृष्ट शिक्षक मूल्याङ्कनका लागि

**शिक्षकको नामः**

**विद्यालयको नाम ठेगानाः**

**१) शैक्षिक योग्यताः (१० अंक)**

| शैक्षिक योग्यता | तह | श्रेणी | प्राप्ताङ्क |
|---|---|---|---|
| माथिल्लो शैक्षिक योग्यता | | | |
| न्यूनतम शैक्षिक योग्यता | | | |
| | | जम्मा | |

**२) तहगत औषत सिकाइ उपलब्धीः (१५ अंक)**

| अध्यापन गराउने माथिल्लो कक्षा...... | | | | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| शैक्षिक वर्ष........... | | शैक्षिक वर्ष ........... | | शैक्षिक वर्ष ........... | | |
| विद्यार्थी संख्या | औषत सिकाई उपलब्धी(GPA) | विद्यार्थी संख्या | औषत सिकाई उपलब्धी(GPA) | विद्यार्थी संख्या | औषत सिकाई उपलब्धी(GPA) | |
| | | | | | | |

**३) उपस्थिति र नियमितताः (१० अंक)**

**क) उपस्थितिः (५ अंक)**

| विद्यालय खुलेको दिन | विद्यालयमा पठनपाठन भएको दिन | विद्यालयमा हाजिरी दिन | काज गएको दिन | जम्मा रुजु हाजिर दिन | हाजिरी प्रतिशत | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**ख) नियमितताः (५ अंक)**

| नियमितता | उपयुक्त कोठामा √ संकेत गर्ने | प्राप्ताङ्क |
|---|---|---|
| विद्यालयमा उपस्थित हुने र छोड्ने समयको पालना गरेको भए | | |
| विद्यालय कक्षाकोठामा समयमै प्रवेश गर्ने गरेको भए | | |
| | जम्मा | |

**४) विशेष जिम्मेवारीः (५ अंक)**

| जिम्मेवारी | पद | प्राप्ताङ्क |
|---|---|---|
| | | |

५) अनुशासन, क्रियाशिलता र पारदर्शिता (५ अंक)

| अनुशासन, क्रियाशिलता र पारदर्शिता | प्राप्ताङ्क |
|---|---|
| विद्यालयले गर्ने विभिन्न कार्यक्रममा शिक्षकको सकृया सहभागिताको आधारमा | |

६) अभिभावकहरुसँगको छलफल, अन्तर्क्रियाः (१५)

| अभिभावकहरुसँगको छलफल, अन्तर्क्रिया | पटक | प्राप्ताङ्क |
|---|---|---|
| विद्यार्थीहरुको मूल्याङ्कनका बारेमा अभिभावकहरुसँगको छलफल, अन्तर्क्रिया | | |

७) सूचना तथा सञ्चार प्रविधिको प्रयोगः (१०)

| सूचना तथा सञ्चार प्रविधिको प्रयोग | उपयुक्त बक्समा √ संकेत गर्ने | प्राप्ताङ्क |
|---|---|---|
| कुशलता पूर्वक कक्षाकोठामा/शिक्षण सिकाइमा प्रयोग गर्ने गरेको | | |
| सामान्य रुपमा कक्षाकोठामा प्रयोग गर्ने गरेको | | |
| | **जम्मा** | |

८) कक्षा शिक्षण सिकाई क्रियाकलापः (१०)

| कक्षा शिक्षण सिकाई क्रियाकलाप | उपयुक्त बक्समा √ संकेत गर्ने | प्राप्ताङ्क |
|---|---|---|
| नियमित गृहकार्य परीक्षण | | |
| नियमित कक्षाकार्य परीक्षण | | |
| मासिक र एकाइ परीक्षा | | |
| पाठ्यक्रमले तोके बमोजिमका शिक्षण सिकाइ सामग्रीको निर्माण र प्रयोग | | |
| सिकाइ कलाको प्रभावकारी व्यवस्थापन | | |
| | **जम्मा** | |

| सबै क्षेत्रको जम्मा प्राप्ताङ्क | अंकमाः | अक्षरमाः |
|---|---|---|

....................                                        ......................

वि.व्य.स. अध्यक्षको हस्ताक्षर                                        प्र.अ.को हस्ताक्षर

## अनुसूची-५

### दफा ६ को उपदफा (५) सँग सम्बन्धित

### उत्कृष्ट बाल शिक्षक मूल्याङ्कनका लागि

**बाल शिक्षकको नामः**

**विद्यालयको नाम ठेगानाः**

**बाल कक्षा विद्यार्थी संख्या:**

**१) शैक्षिक योग्यताः (१० अंक)**

| शैक्षिक योग्यता | तह | श्रेणी | प्राप्ताङ्क |
|---|---|---|---|
| माथिल्लो शैक्षिक योग्यता | | | |
| न्यूनतम शैक्षिक योग्यता | | | |
| | | **जम्मा** | |

**२) शैक्षिक सामग्रीको प्रयोग र बालमैत्री कक्षा व्यवस्थापनः (१० अंक)**

| शैक्षिक सामग्रीको प्रयोग र बालमैत्री कक्षा व्यवस्थापन | प्राप्ताङ्क |
|---|---|
| बालमैत्री कक्षाकोठा व्यवस्थापन गरेको | |
| शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण सिकाई कार्य गरेको | |
| **जम्मा** | |

**३) उपस्थिति र नियमितताः (१० अंक)**

**क) उपस्थितिः (५ अंक)**

| विद्यालय खुलेको दिन | विद्यालयमा पठनपाठन भएको दिन | विद्यालयमा हाजिरी दिन | काज गएको दिन | जम्मा रुजु हाजिर दिन | हाजिरी प्रतिशत | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**ख) नियमितताः (५ अंक)**

| नियमितता | उपयुक्त कोठामा √ संकेत गर्ने | प्राप्ताङ्क |
|---|---|---|
| विद्यालयमा उपस्थित हुने र छोड्ने समयको पालना गरेको भए | | |
| विद्यालय कक्षाकोठामा समयमै प्रवेश गर्ने गरेको भए | | |
| | **जम्मा** | |

४) मनोरञ्जनात्मक कार्यः (५ अंक) (कार्यमा √ ले संकेत गर्ने)

| नृत्य | गायन | बाद्यबादन | चित्रकला | प्राप्ताङ्क |
|---|---|---|---|---|
| | | | | |

५) अनुशासन, क्रियाशिलता र पारदर्शिता (५ अंक)

| अनुशासन, क्रियाशिलता र पारदर्शिता | प्राप्ताङ्क |
|---|---|
| विद्यालयले गर्ने विभिन्न कार्यक्रममा शिक्षकको सकृया सहभागिताको आधारमा | |

६) अभिभावकहरुसँगको छलफल, अन्तर्क्रियाः (१५)

| अभिभावकहरुसँगको छलफल, अन्तर्क्रिया | पटक | प्राप्ताङ्क |
|---|---|---|
| विषयगत रुपमा विद्यार्थीहरुको मूल्याङ्कनका बारेमा अभिभावकहरुसँगको छलफल, अन्तर्क्रिया | | |

७) सूचना तथा सञ्चार प्रविधिको प्रयोगः (१०)

| सूचना तथा सञ्चार प्रविधिको प्रयोग | उपयुक्त बक्समा √ संकेत गर्ने | प्राप्ताङ्क |
|---|---|---|
| कुशलता पूर्वक कक्षाकोठामा/शिक्षण सिकाइमा प्रयोग गर्ने गरेको | | |
| सामान्य रुपमा कक्षाकोठामा प्रयोग गर्ने गरेको | | |
| | जम्मा | |

८) कक्षा शिक्षण सिकाई क्रियाकलापः (१०)

| कक्षा शिक्षण सिकाई क्रियाकलाप | उपयुक्त बक्समा √ संकेत गर्ने | प्राप्ताङ्क |
|---|---|---|
| नियमित गृहकार्य परीक्षण, | | |
| पोर्टफोलियो व्यवस्थापन, | | |
| नियमित कक्षाकार्य परीक्षण | | |
| परियोजना कार्य | | |
| दैनिक पाठ योजना | | |

| | | |
|---|---|---|
| शैक्षिक सामग्रीको प्रयोग | | |
| मासिक परीक्षा | | |
| एकाइ परीक्षा | | |
| आन्तरिक मूल्याङ्कन | | |
| कक्षा कोठा व्यवस्थापन | | |
| **जम्मा** | | |

**९) प्रधानाध्यापकको मूल्याङ्कनः (५ अंक)**

**प्रधानाध्यापकको मूल्याङ्कनको प्राप्ताङ्कः**

| | | |
|---|---|---|
| **सबै क्षेत्रको जम्मा प्राप्ताङ्क** | **अंकमाः** | **अक्षरमाः** |

....................

वि.व्य.स. अध्यक्षको हस्ताक्षर

.......................

प्र.अ.को हस्ताक्षर

अनुसूची-६

दफा ६ को उपदफा (६) सँग सम्बन्धित

उत्कृष्ट कर्मचारी मूल्याङ्कनका लागि

कर्मचारीको नामः

विद्यालयको नाम ठेगानाः

१) उपस्थिति र नियमितताः (१० अंक)

क) उपस्थितिः (५ अंक)

| विद्यालय खुलेको दिन | विद्यालयमा पठनपाठन भएको दिन | विद्यालयमा हाजिरी दिन | काज गएको दिन | जम्मा रुजु हाजिर दिन | हाजिरी प्रतिशत | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |

ख) नियमितताः (५ अंक)

| नियमितता | उपयुक्त कोठामा √ संकेत गर्ने | प्रासाङ्क |
|---|---|---|
| विद्यालयमा उपस्थित हुने र छोड्ने समयको पालना गरेको भए | | |
| विद्यालय कक्षाकोठामा समयमै प्रवेश गर्ने गरेको भए | | |
| | जम्मा | |

२) प्राथमिक उपचार सीपः (५ अंक)

| प्राथमिक उपचार सीप | उपयुक्त कोठामा √ संकेत गर्ने | प्रासाङ्क |
|---|---|---|
| प्राथमिक उपचार कुशलतापूर्वक गर्न सक्ने | | |
| प्राथमिक उपचार सामान्य रुपमा गर्न सक्ने | | |
| | जम्मा | |

३) दर्ता चलानी/फायल व्यवस्थापनः (५ अंक)

| दर्ता चलानी/फायल व्यवस्थापन | उपयुक्त कोठामा √ संकेत गर्ने | प्रासाङ्क |
|---|---|---|

| | | |
|---|---|---|
| दैनिक कार्यालयको खातापाता व्यवस्थित रुपमा राखि आवश्यक परेको समयमा तुरुन्तै भेटाउने गरी व्यवस्थापन गर्न सक्ने | | |
| सामान्य रुपमा व्यवस्थापन गर्न सक्ने | | |
| | **जम्मा** | |

**४) इमिस सञ्चालन(विद्यालय लेखा कर्मचारीको हकमा)(१० अंक)**

| **इमिस सञ्चालन** | **उपयुक्त कोठामा √ संकेत गर्ने** | **प्रासाङ्क** |
|---|---|---|
| विद्यालयको इ.मि.स. कुशलतापूर्वक सञ्चालन गर्न सक्ने | | |
| विद्यालयको इ.मि.स. सामान्य रुपमा सञ्चालन गर्न सक्ने | | |
| | **जम्मा** | |

**विद्यालय सरसफाई (विद्यालय सहयोगी कर्मचारीको हकमा)(१० अंक)**

| **विद्यालय सरसफाई** | **उपयुक्त कोठामा √ संकेत गर्ने** | **प्रासाङ्क** |
|---|---|---|
| विद्यालयहाता, कक्षाकोठा र शिक्षक कक्ष, प्र.अ. कक्ष नियमित रुपमा सरसफाई गर्ने | | |
| शिक्षक कक्ष र प्र.अ. कक्ष मात्र सरसफाई गर्ने | | |
| | **जम्मा** | |

**५) अनुशासन, क्रियाशिलता र पारदर्शिता (१० अंक)**

| **अनुशासन, क्रियाशिलता र पारदर्शिता** | **प्रासाङ्क** |
|---|---|
| विद्यालयले गर्ने विभिन्न कार्यक्रममा शिक्षकको सकृया सहभागिताको आधारमा | |

| **सबै क्षेत्रको जम्मा प्रासाङ्क** | **अंकमाः** | **अक्षरमाः** |
|---|---|---|

....................  ......................

वि.व्य.स. अध्यक्षको हस्ताक्षर  प्र.अ.को हस्ताक्षर

## अनुसूची-७

## दफा ६ को उपदफा (७) सँग सम्बन्धित

## शिक्षा शाखा र मूल्याङ्कन समितिको मूल्याङ्कन तालिका (शिक्षक, बाल शिक्षक) (२० अंक)

शिक्षक/बाल शिक्षकको नाम थरः

कार्यरत विद्यालयः

| **क्षेत्र** | **अंक** | **प्रासाङ्क** |
|---|---|---|
| अनुशासन | २ | |
| सृजनशीलता | २ | |
| जिम्मेवारी वहन गर्ने क्षमता | २ | |
| आचरण, व्यवहार | २ | |
| कृयाशिलता | २ | |
| विद्यार्थी र समुदायसँगको व्यवहार | २ | |
| शिक्षण सिकाइमा ICT को प्रयोग | २ | |
| शिक्षण कौशलता | २ | |
| कार्यालयबाट माग गरिए बमोजिमका जिम्मेवारी/विवरण समयमै पेस गर्ने गरे/नगरेको | २ | |
| आन्तरिक मूल्याङ्कन अभिलेखिकरण व्यवस्थापन | २ | |
| **जम्मा** | **२०** | |

## अनुसूची-८

## दफा ६ को उपदफा (८) सँग सम्बन्धित

## शिक्षा शाखा र मूल्याङ्कन समितिको मूल्याङ्कन तालिका (कर्मचारी) (१० अंक)

कर्मचारीको नाम थरः

कार्यरत विद्यालयः

| क्षेत्र | अंक | प्रासाङ्क |
|---|---|---|
| अनुशासन | २ | |
| सृजनशीलता | २ | |
| जिम्मेवारी वहन गर्ने क्षमता | २ | |
| आचरण, व्यवहार, क्रियाशिलता | २ | |
| विद्यार्थी र समुदायसँगको व्यवहार | २ | |
| **जम्मा** | **१०** | |

## अनुसूची-९

## दफा ६ को उपदफा (९) सँग सम्बन्धित

## समष्टिगत शिक्षक मूल्याङ्कन तालिका

शिक्षकको नाम थरः

कार्यरत विद्यालयः

| क्र.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | १० | | |
| २ | शैक्षिक उपलब्धि | १५ | | |
| ३ | उपस्थिति र नियमितता | १० | | |
| ४ | विशेष जिम्मेवारी | ५ | | |
| ५ | अनुशासन, क्रियाशिलता र पारदर्शिता | ५ | | |
| ६ | अभिभावकहरुसँग छलफल, अन्तर्क्रिया | १५ | | |
| ७ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | १० | | |
| ८ | कक्षा शिक्षण सिकाई क्रियाकलाप | १० | | |
| ९ | शिक्षा शाखा र मूल्याङ्कन समितिको मूल्याङ्कन | २० | | |
| **जम्मा** | | १०० | | |

**मुल्याङ्कनकर्ता १**

**नाम थरः**

**पदः**

**हस्ताक्षरः**

**मितिः**

**मुल्याङ्कनकर्ता २**

**नाम थरः**

**पदः**

**हस्ताक्षरः**

**मितिः**

**मुल्याङ्कनकर्ता ३**

**नाम थरः**

**पदः**

**हस्ताक्षरः**

**मितिः**

## अनुसूची-१०

## दफा ६ को उपदफा (१०) सँग सम्बन्धित

## समष्टिगत बाल बिकास शिक्षक मूल्याङ्कन तालिका

बाल शिक्षकको नाम थरः

कार्यरत विद्यालयः

| **क्र.सं.** | **विवरण** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | १० | | |
| २ | शैक्षिक सामग्रीको प्रयोग र बालमैत्री कक्षा व्यवस्थापन | १० | | |
| ३ | उपस्थिति र नियमितता | १० | | |
| ४ | मनोरञ्जनात्मक कार्य | ५ | | |
| ५ | अनुशासन, क्रियाशिलता र पारदर्शिता | ५ | | |
| ६ | अभिभावक सँग छलफल, अन्तर्क्रिया | १५ | | |
| ७ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | १० | | |
| ८ | कक्षा कोठा व्यवस्थापन | १० | | |
| ९ | प्रधानाध्यापकको मूल्याङ्कन | ५ | | |
| १० | शिक्षा शाखा र मूल्याङ्कन समितिको मूल्याङ्कन | २० | | |
| **जम्मा** | | **१००** | | |

**मूल्याङ्कनकर्ता १**

**नाम थरः**

**पदः**

**हस्ताक्षरः**

**मितिः**

**मूल्याङ्कनकर्ता २**

**नाम थरः**

**पदः**

**हस्ताक्षरः**

**मितिः**

**मूल्याङ्कनकर्ता ३**

**नाम थरः**

**पदः**

**हस्ताक्षरः**

**मितिः**

# अनुसूची-११

## दफा ६ को उपदफा (११) सँग सम्बन्धित

## समष्टिगत कर्मचारी मूल्याङ्कन तालिका

कर्मचारीको नाम थरः

कार्यरत विद्यालयः

| क्र.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | उपस्थिति र नियमितता | १० | | |
| २ | प्राथमिक उपचार सीप | ५ | | |
| ३ | दर्ता चलानी/फायल व्यवस्थापन | ५ | | |
| ४ | इमिस सञ्चालन | १० | | विद्यालय लेखा कर्मचारीको हकमा |
| | विद्यालय सरसफाई | | | विद्यालय सहयोगी कर्मचारीको हकमा |
| ५ | अनुशासन, क्रियाशिलता र पारदर्शिता | १० | | |
| ६ | शिक्षा शाखा र मूल्याङ्कन समितिको मूल्याङ्कन | १० | | |
| **जम्मा** | | ५० | | |

**<u>मूल्याङ्कनकर्ता १</u>**

**नाम थरः**

**पदः**

**हस्ताक्षरः**

**मितिः**

**<u>मूल्याङ्कनकर्ता २</u>**

**नाम थरः**

**पदः**

**हस्ताक्षरः**

**मितिः**

**<u>मूल्याङ्कनकर्ता ३</u>**

**नाम थरः**

**पदः**

**हस्ताक्षरः**

**मितिः**

गौरादह नगर कार्यपालिकाको आ.व. २०८१/८२ को तेस्रो बैठकवाट यो मापदण्ड पारित भएको व्यहोरा प्रमाणित गर्दछु।

..........................................

छत्रपति सुवेदी

मिति २०८१\०५\३१

नगर प्रमुख\नगर कार्यपालिका अध्यक्ष